MILLENNIUM CHALLENGE ACCOUNT NEPAL
DEVELOPMENT BOARD (MCA-Nepal)

# प्रेस विज्ञप्ति

## एमसिए-नेपालविरुद्ध क्रमबद्ध रूपमा भ्रामक सामग्री सम्प्रेषण भइरहेकोमा गम्भीर आपत्ति

काठमाडौँ, २०७८ मङ्सिर २७ गते ।

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल विकास समिति (एमसिए-नेपाल) का सम्बन्धमा अतिरञ्जित तथा असत्य सन्देशहरू सामाजिक सञ्जालबाट सम्प्रेषण भइरहेकोप्रति एमसिए-नेपालको गम्भीर ध्यानाकर्षण भएको छ ।

सामाजिक सञ्जाल ट्वीटर र फेसबूकमार्फत एमसिए-नेपाल विकास समितिका लागि खरिद एजेण्ट तथा वित्तीय एजेण्टका रूपमा परामर्श सेवा उपलब्ध गराइरहेको कार्डनोको लोगोसहित नक्कली कागजपत्र प्रयोग गरी एक सामग्री सम्प्रेषण गरिएको पाइएको छ । उक्त सामग्रीमा कार्डनोको परिचयका रूपमा भ्रामक जानकारी उल्लेख गरिनुका साथै एमसिए-नेपालको सुरक्षा व्यवस्थासम्बन्धी सेवा आपूर्तिका लागि तयार गरिएको दस्तावेजलाई गलत अर्थ लाग्ने गरी कपोलकल्पित कुरा उल्लेख गरिएको थियो ।

साथै उक्त सामग्रीमा उल्लेख गरिएका सूचनाहरू कपोकल्पित भएको र उल्लेख गरिएको जस्तो नेपालमा अमेरिकी सेना ल्याउने कुनै रणनैतिक योजना नभएको र नेपालमा अमेरिकी सेना ल्याउने तयारीमा कुनै समिति नबनाइएको जानकारी एमसिए-नेपाल यस विज्ञप्तिमार्फत सर्वसाधारणलाई गराउन चाहन्छ ।

सामाजिक सञ्जालको दुरुपयोग गरी जनसाधारणबीच भ्रम फैलाउने खालका असत्य जानकारी सम्प्रेषण गर्ने निन्दनीय प्रवृत्तिप्रति एमसिए-नेपाल गम्भीर भर्त्सना गर्नुका साथै त्यस्ता सूचना प्रदूषण फैलाउने कुत्सित मनसाययुक्त भ्रामक सन्देश सम्प्रेषकविरुद्ध कडा कानुनी कारवाहीका लागि प्रक्रिया अगाडि बढाइसकेको छ ।

यस अघि गत भदौ महिनामा पनि ट्वीटरमार्फत् यस्तै भ्रामक सामग्री सम्प्रेषण भएको पुनःस्मरण गराउँदै नेपाल प्रहरीको साइबर ब्यूरोले त्यसविरुद्ध छानबिन कार्य गम्भीरतापूर्वक अगाडि बढाइरहेको जानकारी गराउन चाहन्छौँ ।

***थप जानकारीका लागि :***

*एमसिए-नेपालसम्बन्धी थप जानकारी www.mcanp.org मा उपलब्ध छ । साथै एमसिए-नेपालको ट्विटर (@MCA_Nepal) र फेसबूक पेज (https://www.facebook.com/MCANPL/) मा पनि अद्यावधिक आधिकारिक जानकारी उपलब्ध छ । अन्य जानकारी info@mcanp.org मा ई-मेल पठाई वा +९७७-१-४२३८३५३/४२३८३९२ मा फोन गरेर प्राप्त गर्न सकिन्छ ।*

*The Government of Nepal has established MCA-Nepal Development Board on 18th April 2018 under Development Board Act, 2013 as the accountable entity to implement the Compact with Millennium Challenge Corporation, USA.*

2nd& 3rd Floor, East Wing, Lal Durbar Convention Centre, Yak & Yeti Complex, Durbar Marg, Kathmandu
+977-01-4238353/4238392 | info@mcanp.org | www.mcanp.org